# गृह मन्त्रालय र अन्तर्गतको वार्षिक विकास कार्यक्रम

## आर्थिक वर्ष २०८३/०८४




नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं
२०८३ जेठ २८

# विषय-सूची


१. पृष्ठभूमि ........................................................................................ १

२. २०८३/०८४ मा नेपाल सरकारको नीति तथा कार्यक्रममा गृह मन्त्रालयसँग सम्बन्धित बुँदाहरू .... १

३. आ.व. २०८३/०८४ को बजेट वक्तव्यमा समेटिएका गृह मन्त्रालयसँग सम्बन्धित कार्यक्रम विवरण ........................................................................................ ४

४. शीर्षकगत बजेट तथा कार्यक्रम विवरण ........................................................................................ ६

५. बजेट सारांश रकम रू. हजारमा ........................................................................................ १४

६. वैदेशिक ऋण तथा अनुदानको विनियोजन ........................................................................................ १४

७. प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने कार्यक्रम ........................................................................................ १४

८. अपेक्षित उपलब्धिः ........................................................................................ १४

# गृह मन्त्रालय र मन्त्रालय सम्बद्ध निकायहरूबाट
# आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गरिने प्रमुख कार्यक्रम तथा बजेट विवरण

## १. पृष्ठभूमि

मुलुकमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्दै जनतामा सुरक्षाको अनुभूति दिलाउनु गृह प्रशासनको प्रमुख जिम्मेवारी रहेको छ। राष्ट्रलाई आन्तरिक तथा वाह्य सुरक्षा चुनौतीबाट प्रतिरक्षा गर्दै नागरिकको समानता र स्वतन्त्रताको रक्षा, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितताको लागि सुरक्षाको प्रभावकारी प्रवन्ध गर्नु राज्यको संवैधानिक दायित्व समेत रहेको छ। लोकतन्त्र र संघीयतालाई संस्थागत गर्दै विधिको शासन सुनिश्चित गरी दिगो शान्ति, विकास, सुशासन र समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न शान्ति सुरक्षा पहिलो पूर्व शर्तको रुपमा रहेको छ। सुदृढ सुरक्षा व्यवस्थाबाट हरेक विकास निर्माण र प्रगतिको लक्ष्य हासिल हुनु नै सभ्य समाजको परिचायक पनि हो।

संघीय व्यवस्था बमोजिम आन्तरिक र बाह्य सुरक्षा चुनौतीलाई पूर्वानुमान गरी प्रभावकारी राष्ट्रिय सुरक्षा प्रणालीको विकास गर्दै समुन्नत, आत्मनिर्भर र दिगो आर्थिक विकासका लागि शान्ति सुरक्षाको सुदृढ संयन्त्र परिचालन गर्नु प्राथमिकताको विषय हो। गृह प्रशासनलाई सबल, सक्षम तथा पूर्वानुमानयोग्य बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सार्वजनिक सेवा प्रवाहलाई नतिजादायी र प्रभावकारी बनाई सुशासन कायम गर्न गृह मन्त्रालय अन्तर्गत केन्द्रदेखि स्थानीयस्तरसम्मका कार्यालय कृयाशील रहेका छन्।

समग्र सुरक्षा संयन्त्रको संस्थागत सुदृढीकरण र आधुनिकीकरण, प्रभावकारी अध्यागमन सेवा, सुधारमूलक कारागार गृह, नागरिकमैत्री सार्वजनिक सेवा प्रवाह, लागू औषधको बढदो प्रकोपको सम्बोधन गर्न समुदायको नेतृत्वमा रोकथामकालागि आन्तरिकीकरण तथा सामाजिक विकास प्रक्रियामा मूलप्रवाहीकरण, कसूरजन्य सम्पत्तिको जफत र असूलीमा शीघ्रताका लागि सूचना प्रविधिको अधिकतम उपयोग र तीन वटै तहका सरकारबीच प्रभावकारी समन्वय र साझेदारी कायम गर्ने कार्य गृह प्रशासनका आगामी कार्यदिशा रहेका छन्।

## २. २०८३/०८४ मा नेपाल सरकारको नीति तथा कार्यक्रममा गृह मन्त्रालयसँग सम्बन्धित बुँदाहरू

| बुँदा नं. | नीति कार्यक्रमका सम्बन्धित मुख्य बुँदाहरू |
|---|---|
| १. | निर्वाचनपछि प्रतिनिधि सभामा स्पष्ट बहुमत प्राप्त एउटै राजनीतिक दलको नेतृत्वमा सरकार गठन हुनु मुलुकका लागि राजनीतिक स्थिरता, नीतिगत स्पष्टता र रूपान्तरणकारी सुधारको ऐतिहासिक अवसर हो। सरकारले सुशासनलाई समृद्ध नेपालको आधारशिलाका रूपमा ग्रहण गर्दै भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान र सामाजिक उन्नतिलाई अभियानका रूपमा अघि बढाउनेछ । सबै वर्ग, क्षेत्र र समुदायको समान अपनत्व सुनिश्चित गर्न राजनीतिक दलहरूसँग संवाद र सहकार्यका आधारमा संविधान संशोधनका साझा विषय पहिचान गरी "संविधान संशोधन बहस पत्र तयार गरिनेछ । सरकारले अघि सारेका शासकीय सुधारका एक सय कार्यसूचीलाई पूर्ण कार्यान्वयनको सुनिश्चितता गर्दै निरन्तरता दिइनेछ। |

| बुँदा नं. | नीति कार्यक्रमका सम्बन्धित मुख्य बुँदाहरू |
|---|---|
| ५. | सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पूर्ण पालना गर्दै जोखिममा आधारित नियमन, सुपरीवेक्षण र अभियोजन प्रणाली लागु गरिनेछ। सहकारी संस्थाको नियमन र प्रभावकारी व्यवस्थापन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरणको क्षमता सुदृढ गरिनेछ । समस्याग्रस्त सहकारी संस्थामा रकम जम्मा गरेका बचतकर्ताको रकम फिर्ता गर्न एकीकृत बचतकर्ता सुरक्षण कोष स्थापना गरी कर्जा असुली मार्फत बचतकर्ताको रकम फिर्ता गरिनेछ । कर्जा सूचना प्रणालीलाई सुदृढ गरी अत्यधिक ऋण, मिटर ब्याज र आर्थिक अपराध नियन्त्रण गरिनेछ । |
| ७. | वैकल्पिक विकास वित्त, डायस्पोरा पुँजी र निजी लगानी परिचालन गरी पूर्वाधार वित्त पोषणको नयाँ मोडेल लागु गरिनेछ । वैदेशिक सहायता, ऋण र निजी क्षेत्रको लगानीलाई उच्च प्रतिफल दिने आयोजनामा केन्द्रित गरिनेछ । रूपान्तरणकारी आयोजनालाई स्पष्ट लक्ष्य, निश्चित बजेट र कडा समय सीमासहित अघि बढाइनेछ । आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता, डिजिटल प्रगति ट्र्याकिङ, जग्गा प्राप्ति र वनसम्बन्धी अवरोध समाधान गर्दै आयोजना सम्पन्न नभएसम्म प्रमुख जनशक्तिको जिम्मेवारी हेरफेर नगर्ने व्यवस्था गरिनेछ । |
| १२. | व्यवसाय दर्तादेखि निर्माण अनुमतिसम्म तिस दिनभित्र सम्पन्न गर्ने “लगानी एक्सप्रेस" नीति लागु गरिनेछ । विदेशी लगानी सम्बन्धी कानून संशोधन गरी स्वचालित मार्ग विस्तार गरिनेछ । नेपाल सरकारले तोकेभन्दा माथिको लगानी गर्ने लगानीकर्तालाई "नेपाल लगानी भिसा उपलब्ध गराइनेछ । |
| २४. | “वन डढेलो उच्च-सतर्कता केन्द्र" स्थापना, निरन्तर निगरानी तथा अग्नि नियन्त्रण क्षमता अभिवृद्धि गरिनेछ। ड्रोन, स्याटलाइट लगायत आधुनिक प्रविधिमार्फत डढेलो, वन अतिक्रमण तथा अवैध क्रियाकलापको Real Time निगरानी गरिनेछ । |
| ३२. | तराई-मधेशका सिँचाइ सेवा नपुगेका क्षेत्रमा भूमिगत जलस्रोत मार्फत् तथा पहाडी र हिमाली क्षेत्रका कृषियोग्य टारहरूमा लिफ्ट प्रविधि मार्फत सिँचाइ सुविधा सुनिश्चित गरिनेछ । ठूला सिँचाइ प्रणालीको आधुनिकीकरण, मर्मत सम्भार तथा पुनर्स्थापना गर्दै उपभोक्ता सहभागितामा आधारित दिगो व्यवस्थापन प्रणाली विकास गरिनेछ । स्वचालित जल तथा मौसम केन्द्रको विस्तार गरी पूर्वानुमान प्रणाली सुदृढ गरिनेछ। बहुप्रकोप पूर्व सूचना प्रणालीलाई सुदृढ गरी थप विश्वसनीय बनाइनेछ । |
| ३६. | हवाई पूर्वाधार विस्तार, अन्तर्राष्ट्रिय विमानस्थलहरूको पूर्ण सञ्चालन र आधुनिकीकरण गरी भरपर्दो र प्रतिस्पर्धी हवाई सेवा विकास गरिनेछ। नागरिक उड्डयन क्षेत्रमा संरचनात्मक सुधार, निजी क्षेत्रको सहभागिता विस्तार र अन्तर्राष्ट्रिय सुरक्षा मापदण्ड कार्यान्वयन गरिनेछ । पर्यटक भिसा सेवालाई पूर्ण रूपमा अनलाइन प्रणालीमा आबद्ध गरिनेछ । अन्तर्राष्ट्रिय विमानस्थलमा इ-गेट प्रणाली जडान गरी यात्रुको प्रतीक्षा समय घटाइनेछ । गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा थप अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षण गर्न कूटनीतिक पहल गरिनेछ । |
| ३७. | अध्यागमन बिन्दुबाटै पर्यटकीय अनुमति र सेवाहरूलाई एकीकृत गर्ने एकद्वार डिजिटल पर्यटन प्रणाली लागु गरिनेछ । पर्वतीय पर्यटनको सुरक्षा, खोज तथा उद्धार प्रणालीलाई आधुनिक प्रविधिसँग जोडिनेछ। "भिजिट नेपाल २०८५ को पूर्व तयारीका लागि पर्यटक आगमन, प्रति पर्यटक खर्च वृद्धि र बसाई अवधि बढाउने गरी अन्तर्राष्ट्रियस्तरमा प्रवर्धन गरिनेछ । |

| बुँदा नं. | नीति कार्यक्रमका सम्बन्धित मुख्य बुँदाहरू |
|---|---|
| ५१. | सबै प्रकारका लैङ्गिक हिंसामा शून्य सहनशीलता अपनाउँदै मानव बेचबिखनमुक्त समाज निर्माण गरिनेछ । सामाजिक तथा सांस्कृतिक विभेद र हानिकारक अभ्यास अन्त्य गर्न सामाजिक रूपान्तरण अभियान सञ्चालन गरिनेछ । हिंसा पीडित-केन्द्रित सेवा प्रणाली सुदृढ गरी उद्दार, कानुनी सहायता, पुनर्स्थापना र सामाजिक पुनःएकीकरणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । |
| ६६. | सडक दुर्घटना न्यूनीकरणका लागि जीपीएस ट्र्याकिङ, एआईमा आधारित ट्राफिक क्यामेरा, डिजिटल जरिवाना प्रणाली र गति नियन्त्रण कडाइका साथ लागु गरिनेछ । पैदल तथा साइकल यात्रुका लागि सुरक्षित पूर्वाधार निर्माण गरिनेछ । सार्वजनिक यातायातमा महिलाको सुरक्षित पहुँच सुनिश्चित गरिनेछ। काठमाडौंमा "बस र्‍यापिड ट्रान्जिट (बिआरटी)" को विस्तृत डिजाइन र कार्यान्वयन प्रक्रिया सुरु गरिनेछ । |
| ७०. | राष्ट्रिय भवन संहिताको अनिवार्य कार्यान्वयन गर्दै सबै नयाँ निर्माणमा भूकम्प प्रतिरोधी, अग्नि सुरक्षा र आधुनिक पूर्वाधार मापदण्ड लागु गरिनेछ। जेन-जी आन्दोलन तथा जाजरकोट भूकम्पबाट क्षति भएका संरचनाहरूको पुनर्निर्माणलाई प्राथमिकता दिइनेछ। छरिएका तथा जोखिमयुक्त बस्तीलाई व्यवस्थित गर्न भू-उपयोग, पूर्वाधार र सामुदायिक सेवासहितको एकीकृत परियोजना लागु गरिनेछ । |
| ७१. | प्रतिक्रियामुखीभन्दा पूर्वतयारीमुखी विपद् व्यवस्थापन नीति अवलम्बन गर्दै जोखिम नक्साङ्कन, प्रारम्भिक चेतावनी प्रणाली र विपद् सुरक्षा अभ्यासलाई संस्थागत गरिनेछ । खोज तथा उद्दारका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल सम्मिलित एकीकृत कमाण्ड प्रणाली विकास गरी ड्रोन, हेलिकप्टर लगायत आधुनिक प्रविधिको प्रयोगमा निजी क्षेत्रसँग साझेदारी गरिनेछ । |
| ७७. | जल तथा मौसमसम्बन्धी तथ्याङ्कलाई डिजिटल प्लेटफर्ममा एकीकृत गरी विपद् सम्बन्धी पूर्व सूचना प्रणाली विकास गरिनेछ । नागरिक एप मार्फत कृषि, यातायात, पर्यटन र उड्डयन क्षेत्रमा पूर्व चेतावनी सेवा विस्तार गरिनेछ । विपद् पश्चात् क्षतिपूर्ति, राहत र पुनर्निर्माण प्रक्रियामा बिमा लगायत जोखिम हस्तान्तरणका उपकरणको प्रयोग विस्तार गरिनेछ । |
| ७८. | कारागार प्रणालीलाई सुधार गृहका रूपमा रूपान्तरण गरी पुनर्स्थापना केन्द्रित दृष्टिकोण अवलम्बन गरिनेछ। कसुरजन्य सम्पत्ति जफत, व्यवस्थापन र असुली प्रक्रियालाई प्रभावकारी बनाइनेछ । |
| ८१. | सशस्त्र प्रहरी बल, नेपाललाई प्रशिक्षित जनशक्ति र पूर्वाधारसहित विशिष्टीकृत सुरक्षा बलका रूपमा सुदृढ गरिनेछ । सीमा नाकाहरूमा अनुहार पहिचान प्रणाली, एकीकृत सीमा व्यवस्थापन सूचना प्रणाली र स्वचालित निगरानी पूर्वाधार स्थापना गरिनेछ । ड्रोन तथा नाइट भिजन क्यामेरा प्रयोग गरी अवैध गतिविधि नियन्त्रण गरिनेछ । सीमा क्षेत्र विकास कार्यक्रममार्फत नागरिक-सुरक्षा सम्बन्ध सुदृढ बनाइनेछ। सीमा विवादको समाधान कूटनीतिक सम्वादबाट खोजिनेछ । |

| बुँदा नं. | नीति कार्यक्रमका सम्बन्धित मुख्य बुँदाहरू |
|---|---|
| ८२. | बृहत् राष्ट्रिय हितको संरक्षणका लागि सुरक्षा सम्बन्धी नीति तथा कानूनको समसामयिक परिमार्जन गरिनेछ। नेपाली सेना लगायत सुरक्षा निकायहरूको बन्दोबस्ती तथा आवश्यक सामग्री स्वदेशमै उत्पादन गर्ने व्यवस्था गरी सुरक्षा क्षेत्रमा बाह्य निर्भरता कम गरिनेछ। सुरक्षा जनशक्तिको तालिम र रणनीतिक दक्षता विकासमार्फत् व्यावसायिकता अभिवृद्धि गरिनेछ । राष्ट्रिय सेवा दललाई सुदृढ गरिनेछ । |
| ८३. | ठूला विकास आयोजनाहरूको विस्तृत परियोजना अध्ययन गर्दा राष्ट्रिय सुरक्षामा पर्नसक्ने प्रभावको समेत मूल्याङ्कनलाई अनिवार्य गरिनेछ । ऐतिहासिक गढी, किल्ला तथा पदमार्गको संरक्षण र प्रवर्धनमार्फत राष्ट्रिय पहिचान सुदृढ गर्दै पर्यटन विकासलाई टेवा दिइनेछ । |
| ९४. | प्रत्येक सेवाको कानुनी समयसीमा तोकी उल्लङ्घन गर्ने अधिकारी स्वतः जवाफदेही हुने व्यवस्था गरिनेछ । राष्ट्रिय परिचय पत्रलाई अधिकतम सार्वजनिक सेवासँग अन्तर आबद्ध गर्दै “एक परिचयपत्र नीति” लागु गरी नागरिकता, बैङ्किङ, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षा लगायतका सेवालाई एकीकृत गरिनेछ । “एकल सेवा केन्द्र” लाई सबै कार्यालयमा विस्तार गर्ने तथा अत्यावश्यक सेवा सातै दिन सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। डिजिटल हस्ताक्षर, अनलाइन सेवा र समयबद्ध निर्णय प्रणालीमार्फत नागरिकलाई लाइन, झन्झट र अनुपयुक्त मध्यस्थताबाट मुक्त गरिनेछ । |

## ३. आ.व. २०८३/०८४ को बजेट वक्तव्यमा समेटिएका गृह मन्त्रालयसँग सम्बन्धित कार्यक्रम विवरणः

| बुँदा नं. | सम्बन्धित बुँदाहरू |
|---|---|
| २६. | ’लगानी एक्सप्रेस÷ को अवधारणा कार्यान्वयन गर्न आगामी तीन महिनाभित्र स्वचालित रुट प्रणाली लागू गर्नेछौं। कम्पनी र उद्योग दर्ता, वित्तीय सेवा, करप्रणालीमा सहभागिता, भिसा आवेदनसम्मका सबै सेवा आबद्ध गरी सूचना प्राप्ति, अनुपालना प्रतिवेदन र जोखिममा आधारित परीक्षण हुने व्यवस्था गर्नेछौं। लगानी बोर्डबाट स्वीकृत भएका परियोजनामा पुनः अन्य निकायबाट स्वीकृति लिनु नपर्ने कानूनी व्यवस्था गर्नेछौं। स्वीकृत परियोजनाको लगानी सम्बद्ध अध्ययन अनुसन्धानका लागि लगानी भिसा उपलब्ध गराउनेछौं। शेयर हस्तान्तरण, करचुक्ता, सम्पत्ति मूल्याङ्कन, ऋण भुक्तानी, लाभांश वितरण र लिक्विडेसन प्रक्रियालाई सरल बनाई लगानी र मुनाफा फिर्ता सहज बनाउनेछौं। |
| ३७. | सौम्य शक्तिको विस्तार गर्दै डायस्पोराको सीप, पुँजी र सञ्जालको सदुपयोग गर्नेछौं। प्रवासमा रहेका नेपाली नागरिकलाई लोकतान्त्रिक प्रक्रियामा आबद्ध गराई उनीहरूको मताधिकार सुनिश्चित गर्न कानूनी, प्राविधिक तथा प्रशासनिक पूर्वाधार तयारी गर्नेछौं। भिसा प्रणालीमा व्यापक सुधार गरी लगानीमैत्री अध्यागमन व्यवस्थापन गर्न नयाँ विधेयक संसदमा पेश गर्नेछौं। अतिकम विकसित मुलुकको राष्ट्रसङ्घीय दर्जाबाट निस्कन हाल न्यूनतम योग्यता पुगेको भए पनि अर्को दुई वर्ष घनीभूत आर्थिक-सामाजिक राष्ट्रिय पुनर्जागरणको आडमा नेपालको स्तरोन्नति गराउने निर्णय गरेका छौं। त्यस्तो स्तरोन्नति अप्रतिगम्य होस् भन्ने चाहेका छौं। |

| बुँदा नं. | सम्बन्धित बुँदाहरू |
|---|---|
| ४१(ग) | जेन्जी आन्दोलनका क्रममा क्षति भएका सरकारी भवनको प्रवलिकरण तथा पुननिर्माण कार्यालाई प्राथमिकता दिनेछौ। जाजरकोट तथा रुकुम पश्चिम लगायतका जिल्लामा भुकम्पबाट क्षतिग्रस्त निजी आवास र सरकारी भवन पुनर्निर्माण कार्य सम्पन्न गर्न आवश्यक स्रोत विनियोजन गरेको छ। |
| ४९ (ख) | जेनजी आन्दोलनका सहिदको सम्मान गरिनुका साथै सहिद परिवारको लागि सम्मानजनक आर्थिक सहायता सुनिश्चित गरिसकिएको छ। आन्दोलनका घाइतेका लागि निःशुल्क स्वास्थ्य उपचार, घाइतेको अवस्था अनुसार मासिक भत्ता र उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गर्नेछौं। |
| ५१ (ङ) | डढेलो नियन्त्रणका लागि ड्रोन तथा स्याटेलाइटको उपयोग गरी रियल टाइम सूचना आदानप्रदान गर्नेछौं। जोखिमयुक्त क्षेत्रमा मानव वन्यजन्तु सहअस्तितव कार्यक्रम सञ्चालन गर्नेछौं। |
| ५२(ग) | पर्यटकीय दृष्टिले महत्वपूर्ण पहाडी क्षेत्रमा हिलस्टेसनको प्रवर्द्धन गर्न पूर्वाधार विकासमा जोड दिनेछौ। हिमाल आरोही तथा पदयात्रीको सुरक्षा र आकस्मिक उद्दारको भरपर्दो व्यवस्था मिलाउनेछौं। |
| ६१ (ख) | कसूरजन्य सम्पत्तिको प्रभावकारी व्यवस्थापनका लागि सम्बद्ध निकायलाई एकीकृत सूचना पद्धतिमा आबद्ध गरी असुल उपर, जफत, प्राप्ति तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउनेछौं। |
| ६१ (ङ) | राष्ट्रिय परिचयपत्रलाई सार्वजनिक सेवा प्रवाहको आधारभूत परिचयपत्रको रूपमा प्रयोग गर्दै मालपोत, यातायात, राहदानी, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन जस्ता नागरिक सेवासँग सम्बद्ध प्रणालीको सुदृढीकरण गर्नेछौं। |
| ६२ (च) | नेपाल प्रहरीको अनुसन्धान र अभियोजन प्रक्रियालाई प्रभावकारी बनाउन प्रविधिको प्रयोगमा जोड दिनेछौं। विधिविज्ञान प्रयोगशाला, अनुसन्धानमा कृत्रिम बुद्धिमत्ताको प्रयोग तथा भौतिक पूर्वाधार विकासमा लगानी वृद्धि गर्नेछौं। |
| ६२ (छ) | नेपाल प्रहरी र सशस्त्र प्रहरीको अवकाशको सेवा अवधि र निवृत्तभरण सुरु हुने अवधिका बीचमा रहेको विद्यमान अन्तर पूनरावलोकन गर्ने विषयमा अध्ययन गर्नेछौं। |
| ६२ (ज) | सशस्त्र प्रहरी बल नेपाललाई अन्तर्राष्ट्रिय सीमा सुरक्षाको डेडिकेटेड व्यवसायिक फोर्सको रूपमा विकास गर्नेछौं। |
| ६२ (झ) | कारागारको सुदृढीकरण, क्षमता विस्तार तथा खुला कारागारको अवधारणा कार्यान्वयन गरी सुधार गृहका रूपमा रूपान्तरण गर्दै लगिनेछ। |
| ६२ (ञ) | विपद् प्रतिकार्यमा संलग्न जनशक्ति र स्वयंसेवकको क्षमता विकास गर्नेछौं। विपद् पश्चात्को क्षतिपूर्ति, राहत र पुनर्निर्माणका लागि बीमा लगायतका जोखिम हस्तान्तरणका उपकरणको विस्तार गर्नेछौं। |

## ४. शीर्षकगत बजेट तथा कार्यक्रम विवरण

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | |
| ३१४०००११ | गृह मन्त्रालय | ४२७१ | ५९४९ | १०२२० | • कर्मचारीहरूको तलब, भत्ता लगायत प्रशासनिक कार्यको लागि बजेट व्यवस्था गरिएको।<br>• प्रदेश सरकार तथा स्थानीय तहसँग लागत साझेदारीमा भवन निर्माण (२५ करोड),<br>• Digital Signature, Data Center & Data Recovery Site पुर्वाधार स्तरोन्नतिका लागि आवश्यक उपकरण खरिद (१ करोड ३७ लाख),<br>• केन्द्रीय नागरिकता व्यवस्थापन प्रणालीको Support तथा Maintenance, सुधार एवम् अन्य प्रणालीसँग अन्तरआबद्धता,<br>• गृह मन्त्रालयको Central Command System निर्माण तथा संचालन (१३ करोड ५५ लाख)<br>• जिल्ला/ईलाका प्रशासन कार्यालयहरूमा एकद्वार सेवा प्रणाली स्थापना गर्न (१३ करोड २८ लाख),<br>• पदक विभुषण निर्माण (८ करोड ९ लाख),<br>• प्रादेशिक सुरक्षा गोष्ठी (सात प्रदेश), BIMSTEC Security Meeting आयोजना तथा सञ्चालन,<br>• अन्तर्गत निकायहरूमा कार्यरत कर्मचारीहरूको लागी Artificial Intelligence तालिम कार्यक्रम,<br>• SAARC, BIMSTEC लगायतका बहुपक्षिय बैठक आयोजना एंव सहभागिता, AML/CFT सम्वन्धी APG Mutual Evaluation Report मा उल्लिखित गृह मन्त्रालय र CMT सँग सम्वन्धित विषय कार्यान्वयन, Bilateral and Multilateral Meeting for Senior Officials,<br>• Nepal Disaster Report तयारी तथा प्रकाशन,<br>• CPAS Software सम्बन्धी सबै जिल्ला प्रशासन कार्यालयहरूलाइ तालिम,<br>• R २ R विधिको प्रयोग गरी आपत्कालिन पुर्व तयारी तथा प्रतिकार्य सम्बन्धि अध्ययन तथा मुल्यांकन Emergency preparedness And Response Assessment( report ),<br>• केन्द्रीय हज कमिटी (१ करोड ५० लाख),<br>• नागरिकता, हातहतियार, मुद्दा, संघ संस्था, विभुषण लगायत जिल्लाहरूबाट संकलन गरिने विवरणको अभिलेख व्यवस्थापन प्रणाली विकास लगायतका कार्यक्रमहरू सञ्चालन गरिने। |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | |
| ३१४००१०२ | लागू औषध नियन्त्रण कार्यक्रम | ११४ | ११३ | २२७ | • लागु औषध, औषधि, रसायन र विष्फोटक पदार्थको आयात अनुमति सम्बन्धी एकीकृत सफ्टवेयर निर्माण/खरिद,<br>• लागू औषध नियन्त्रण सम्बन्धी द्विपक्षिय/बहुपक्षिय बैठक/कार्यक्रम,<br>• लागु औषध प्रयोग तथा अवैध कारोवार रोक्न शिक्षा तथा चेतनामूलक गतिविधि/कार्यक्रम,<br>• स्कुल, कलेज लक्षित सचेतना कार्यक्रम संचालन, कर्मचारी अनुशिक्षण,<br>• लागु औषध नियन्त्रण अभियान संचालन,<br>• लागु औषध प्रयोगकर्ता पहिचान सर्भेक्षण,<br>• पुनर्स्थापना केन्द्र प्रोत्साहन लगायतका कार्यक्रमहरू सञ्चालन गरिने। |
| ३१४००१०३ | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | १३८०.५१ | १२२६.५ | २६०७.०१ | • कर्मचारीहरूको तलब, भत्ता लगायत प्रशासनिक कार्यको लागि बजेट व्यवस्था गरिएको।<br>• चट्याङ्ग न्यूनीकरण तथा अर्थिङ्ग व्यवस्थापन(३ करोड),<br>• विपद्सँग सम्बन्धित खोज उद्दार सामग्री(१ करोड),<br>• Fire Fighting/Rope Rescue/Collapsed Structure Search and Rescue(CSSR) लगायतका उद्दार सामग्री खरिद(९० लाख),<br>• DEOC सुदृढीकरण(३ करोड), DEOC को लागि राहत र उद्दार सामग्री खरिद(४ करोड ५० हजार),<br>• बाढी पहिरो तथा Debris प्रभावित क्षेत्रको अध्ययन(३६ लाख),<br>• कर्मचारी क्षमता विकास कार्यक्रम तथा मनोसामाजिक परामर्श तालिम, CADRE/MFR/CSSR/HOPE/SWR/ICS तालिम,<br>• INSARAG Training मोड्युल तर्जुमा, विपद् सम्बन्धी श्रव्यदृश्य उत्पादन,<br>• Forest Fire Damage and Loss Assessment and Risk Evaluation, Detail Damage Assessment, Geographical Study,<br>• स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तयार,<br>• Assessment of Vulnerable Infrastructure Damaged by Landslide or Other Geo-hazards, Geological assessment of Extreme Climate Event, |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | |
| | | | | | • शितलहर/तातो हावाको लहर(लु) सम्बन्धी प्रकोप/जोखिम नक्सांकन,<br>• जोखिमयुक्त सार्वजनिक संरचनाहरूको Rapid Visual Screening,<br>• नेपाल टेलिभिजनसँगको सहकार्यमा सुरक्षित नेपाल कार्यक्रम संचालन लगायतका कार्यक्रमहरू सञ्चालन गरिने। |
| | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | | | ८११७.६२ | • कर्मचारीहरूको तलब, भत्ता लगायत प्रशासनिक कार्यको लागि बजेट व्यवस्था गरिएको।<br>• स्थायी, अस्थायी, करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरूको तलव भत्ता,<br>• NIDMIS को मर्मत/सम्भार/संचालन(१३ करोड ४९ लाख ८८ हजार),<br>• राष्ट्रिय परिचयपत्र विवरण दर्ता तथा कार्ड वितरण ईकाईको लागि आवश्यक नेटवर्किङ्ग , कम्प्युटर, स्क्यानर, प्रिन्टर तथा वायोमेट्रिक उपकरणहरू Enrollment and Issuance Stations (५ करोड ५० लाख),<br>• HMS(2×central, २"perso, २×DR)(५ करोड ४० लाख),<br>• IT Infrastructure and System Monitoring Tools(६५ लाख),<br>• NIDMIS प्रणालीको Re-Engineering Enhancement and Performance Upgrading, Authentication Services and eKYC Services Software/API Development, Migration, Installation, Acceptance and Support Services(३ करोड ९२ लाख १२ हजार),<br>• VERSPMIS प्रणालीको लागि Server, Storage, Firewall, Switch आदि खरिद (७ करोड ९९ लाख ८७ हजार),<br>• License Renewal of firewall, switch and other devices for VERSP MIS (५० लाख),<br>• VERSP-MIS प्रणालीको लागि Back up and Replication, Web Application Firewall (WAF) र SSL Licence खरिद(१ करोड), VERSPMIS प्रणालीको Upgradation, Maintenance तथा Module थप गर्न(५० लाख),<br>• Smart Card खरिदका लागि (२ करोड ५० लाख),<br>• Virtual Support तथा Training को लागि Software/Licence खरिद,<br>• राष्ट्रिय परिचयपत्रको लागि SMS प्रणाली विकास र सञ्चालन(१७ लाख ६० हजार),<br>• प्रत्येक स्थानीय तहमा सामाजिक सुरक्षा तथा घटना दर्ता शाखा प्रमुख, स्थानीय पञ्जिकाधिकारी र पञ्जिकरण शाखामा कार्यरत कर्मचारीहरूको लागि तालिम लगायतका कार्यक्रमहरू सञ्चालन गरिने। |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | |
| ३१४०२०११ | कारागार व्यवस्थापन विभाग | ४०५ | ९४७३ | ९८७८ | • कर्मचारीहरूको तलब, भत्ता, कैदीबन्दीहरूको समाजिक सुरक्षा लगायत प्रशासनिक कार्यको लागि बजेट व्यवस्था गरिएको।<br>• कैदीबन्दीहरूलाई सुरक्षित राखी न्यूनतम मानव अधिकारको संरक्षण गर्ने, कारागार कार्यालयहरूलाई सुधार गृहको रूपमा परिणत गर्ने,<br>• कैदीबन्दीहरूको बसोबासलाई व्यवस्थित गर्न धनकुटा, पाँचथर, भोजपुर, ओखलढुंगा, झापा, उदयपुर, रौतहट, पर्सा, नुवाकोट, रसुवा, कास्की, कपिलवस्तु, रोल्पा, प्युठान, नौवस्ता बाँके, सुर्खेत, कैलाली र कञ्चनपुरको भवन निर्माण,<br>• कैदीबन्दी व्यवस्थापन सूचना प्रणाली (PMIS) Software निर्माण, संचालन र व्यवस्थापन,<br>• कारागार सुदृढीकरणको एकीकृत गरूयोजना निर्माण, कारागार सुरक्षाका लागि आवश्यक X-Ray Baggage Scanner, Walk Through Gate, Metal Detector लगायतका सुरक्षा उपकरणहरूको व्यवस्थापन,<br>• कैदीबन्दी बैंकिङ्ग कार्यक्रम,<br>• कैदीबन्दीहरूका लागि लघुउद्यम सीपमूलक तालिम, मनोसामाजिक परामर्श कार्यक्रम र कैदीबन्दी स्वास्थ्य विमा लगायतका कार्यक्रमहरूको निरन्तरता लगायतका कार्यक्रमहरू सञ्चालन गरिने। |
| ३१४०२०१२ | कारागार कार्यालयहरू | २७३९५ | २३२५ | २९७२० | |
| ३१४०३०११ | अध्यागमन विभाग | ७०७ | २६०६ | ३३१३ | • कर्मचारीहरूको तलब, भत्ता लगायत प्रशासनिक कार्यको लागि बजेट व्यवस्था गरिएको।<br>• अध्यागमन कार्यालय तातोपानिको भवन पुनः निर्माण (२ करोड),<br>• विभाग तथा अध्यागमन कार्यालयहरूका लागि Passport Reader Machine (PRM) लगायतका IT उपकरणहरू खरिद(५० लाख),<br>• अन्तरार्ष्ट्रिय विमानस्थलहरूका अध्यागमन कार्यालयहरूमा Border Control system (E-gate) स्थापना(५ लाख),<br>• Arrival/Departure मा Flap Barrier(२५ लाख),<br>• अन्तराष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयहरूमा Computer Network स्तरोन्नति(१० लाख),<br>• Visa Sticker Roll खरिद(२२ लाख ५० हजार), |
| ३१४०३०१२ | अध्यागमन कार्यालयहरू | २६६७ | ६७ | २७३४ | |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | |
| | | | | | • अध्यागमन कार्यालय त्रि.अ.वि.मा केन्द्रीय सूचना प्रणालीको वैकल्पिक Site संचालनार्थ Load Balance/ WAF खरिद(९६ लाख),<br>• केन्द्रीय सूचना प्रणाली पूर्वाधारमा (DC) स्तरोन्नति-Server खरिद(२ करोड ९९ लाख २६ हजार),<br>• केन्द्रीय सूचना प्रणाली पूर्वाधारमा (DC) तथ्यांक भण्डारण स्तरोन्नति(२ करोड ५० लाख),<br>• Data Center संचालन सपोर्ट(२० लाख),<br>• IT Audit, अध्यागमन कार्यालय त्रि.अ.वि.मा Border Control System (Advanced Passenger Information System-APIS) स्थापना(१० करोड),<br>• केन्द्रीय सूचना प्रणाली Nepal Port को Mobile Application अध्यावधिक/स्तरोन्नति, Foreign National Management Information System अद्यावधिक/स्तरोन्नति,<br>• नेपाली पोर्ट प्रणाली अन्तर्गतको Desktop Application मा रहेको biometric Module Upgradation, Website Upgrade, Digital Information Board, License/Subscription Based उपकरण तथा प्रणालीहरूको License/Subscription, Central Authentication System,<br>• Visa application को लागि Kiosk उपकरण खरिद, Digital Board को प्रसारण सामग्री निर्माण लगायतका कार्यक्रमहरू संचालन गरिने। |
| ३१४०४०११ | प्रहरी प्रधान कार्यालय | ७३५९९ | ३६८१२ | ११०४११ | • नेपाल प्रहरीको तलब भत्ता, पोशाक, खाद्यान्न, भवन निर्माण समेतका कार्यमा स्रोत परिचालन,<br>• नेपाल प्रहरी सशस्त्र प्रहरी गण नं १ नक्सालको आवश्यक पर्ने भौतिक संरचना निर्माण(१ करोड ९४ लाख),<br>• नेपाल प्रहरी प्रधान कार्यालय प्रहरी महानिरीक्षकको सचिवालय भवन निर्माण कार्य (२ करोड ४२ लाख),<br>• कमाण्ड सेन्टरको संरचना निर्माण कार्य(१ करोड),<br>• Prisoner Van(१३ करोड १९ लाख),<br>• Multi functional barricading vehicle with water cannon type(१२ करोड),<br>• ७ प्रदेश प्रहरी कार्यालयहरूको भवन तथा भौतिक संरचना निर्माण(३६ करोड ४४ लाख)। |
| ३१४०४०१२ | उपत्यका प्रहरी कार्यालय | ७६५०२ | १०३९४ | ८६८९६ | |
| ३१४०४०१३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ९३३२ | १७८८० | २७२१२ | |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | |
| ३१४०४०१४ | प्रदेश प्रहरी कार्यालयहरू | ९०८९२ | ४७८४ | ९५६७६ | • आसारा महाराजगंजमा प्रहरी कार्यालय,व्यारेक,मेश,शौचालय लगायतका निर्माण कार्य (२ करोड),<br>• Body worn camera(४ करोड),<br>• ने.प्र.प्र.का. परिसर पेरिमिटर तथा प्रवेशद्वारमा एकीकृत सुरक्षा उपकरण तथा प्रणाली स्थापना(३ करोड),<br>• Establishment of District, Province and National Operation Center, Command and Control Center(१५ करोड), Automated Biometric Indentification system (ABIS) (४६ करोड ९६ लाख),<br>• बागमती प्रदेशमा विधिविज्ञान स्थापना गर्न(४ करोड),<br>• Police Patrolling Drone & Platform(२ करोड),<br>• Heavy Weightlifting Drone(१ करोड ९० लाख),<br>• Search and Rescue (SAR) Drone(२ करोड ५० लाख),<br>• Anti-Drone Equipments (४ करोड ५० लाख),<br>• AI Cell Enhancement Equipment(१ करोड २० लाख),<br>• Establishment of CCTV National Grid(६ करोड),<br>• Secured Database Machine (१८ करोड),<br>• AI & Advanced Analytics Capability Development Programme for Nepal Police(५० करोड ४९ लाख),<br>• "Advance Android/IOS Access & Unlocking Tool"(५ करोड ५० लाख),<br>• सञ्चार सम्बन्धी उपकरण, सामग्री तथा प्रणाली(१२ करोड ५ लाख),<br>• काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको भवन निर्माण(१० करोड ६ लाख),<br>• CCTV Camera मर्मत तथा Replacement को लागी आवश्यक पर्ने उपकरणहरू तथा खटिने जनशक्तिको लागि सुरक्षा सामाग्री (१ करोड ९० लाख),<br>• भारत सरकारको अनुदान सहयोमा निर्माणधिन राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको संरचना निर्माण (१ अर्ब ७२ करोड ७१ लाख),<br>• काठमाडौ उपत्यका ट्राफिक प्रहरी कार्यालयको भौतिक संरचना निर्माण(७८ करोड ५० लाख),<br>• काठमाडौ उपत्यका अपराध अनुसन्धानको भवन निर्माण(१० करोड ६ लाख),<br>• विभिन्न जिल्ला प्रहरी कार्यालयहरूको भवन निर्माण(१ अर्ब ३७ करोड),<br>• नेपाल प्रहरी अस्पतालको आवास भवन निर्माण(१३ करोड २२ लाख),<br>• विभि |
| ३१४०४०१५ | नेपाल प्रहरी अस्पताल | ९०२६ | ३५४८ | १२५७४ | |
| ३१४०४०१६ | जिल्ला प्रहरी कार्यालयहरू | ३०५१७५ | १८३४१ | ३२३५१६ | |
| ३१४०४१०३ | अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ६८ | ७४७ | ८१५ | |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | |
| ३१४०५०११ | सशस्त्र प्रहरी बल | २६००० | २४०८२ | ५००८२ | • सशस्त्र प्रहरी बल नेपालको तलब भत्ता, पोशाक, खाद्यान्न, भवन निर्माण समेतका कार्यमा स्रोत परिचालन।<br>• सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयको बहुउद्देशीय भवन निर्माण (९ करोड ४४ लाख),<br>• बिओपि भवनहरूको निर्माण (३५ करोड १९ लाख),<br>• नेपाल एपिएफ अस्पताल स्तरउन्नती (भौतिक संरचना निर्माणको लागि) (७५ करोड १७ हजार),<br>• सशस्त्र प्रहरी बल तालिम केन्द्रमा बहुउद्देश्यीय बहुतले भवन लगायत अन्य भवन निर्माण(१२ करोड १० लाख),<br>• क्षेत्रिय सशस्त्र प्रहरी कार्यालयहरूमा भवन लगायतका संरचनाहरू निर्माण(१३ करोड ५० लाख),<br>• मेसिनरी औजार अन्तर्गतका मुख्य क्रियाकलाप(९५ करोड ३४ लाख),<br>• सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति (२९ करोड ९३ लाख),<br>• सवारी साधन खरिद (Water Cannon, Riot Control Vehicle,<br>• अग्नी नियन्त्रणको लागि Fire Engine Magirus, Riot Control Barricade Vehicle, Ambulance, ५० Ton Heavy Duty Rotator Cranes) (५१ करोड ७५ लाख), |
| ३१४०५०१३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | २१६७०२ | १७५८२ | २३४२८४ | |
| ३१४०५०१४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | १८१७८ | ३७३३ | २१९११ | |
| ३१४०५०१५ | नेपाल ए.पी. एफ. अस्पताल | ५३८३ | ९०९२ | १४४७५ | |
| ३१४०६०११ | प्रहरी किताबखाना | २८२ | १९ | ३०१ | • कर्मचारीहरूको तलब, भत्ता लगायत प्रशासनिक कार्यको लागि बजेट व्यवस्था गरिएको।<br>• प्रहरी कर्मचारीहरूको व्यक्तिगत विवरण अध्यावधिक,<br>• सम्पत्ति विवरण फारामको व्यवस्थापन,<br>• PPIS software अद्यावधिक,<br>• महत्वपूर्ण अभिलेखको Digitization,<br>• अभिलेखको सुरक्षा तथा संरक्षण, सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय र सहकार्य,<br>• प्रणाली सुदृढीकरण लगायतका क्रियाकलापहरू सञ्चालन गरिने। |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | |
| ३१४०७०११ | कसूरजन्य सम्पत्ति व्यवस्थापन विभाग | २७९ | १६८ | ४४७ | • कर्मचारीहरूको तलब, भत्ता लगायत प्रशासनिक कार्यको लागि बजेट व्यवस्था गरिएको।<br>• कसूरजन्य सम्पत्तिको व्यवस्थापन तथा केन्द्रीय अभिलेखन प्रणालीलाई व्यवस्थित गर्न सफ्टवेयरको विकास तथा सञ्चालन,<br>• अनुसन्धानकारी निकायका प्रमुख तथा प्रतिनिधिहरूलाई अभिमुखीकरण एवम् क्षमता विकास (तालिम) कार्यक्रम,<br>• कसूरजन्य सम्पत्ति तथा साधन भण्डारण गर्न गोदाम घर (Warehouse) निर्माण र सञ्चालन,<br>• PCMIS स्तरोन्नति,<br>• PCMIS AMC र विज्ञ परामर्श,<br>• कसुरजन्य सम्पत्ति व्यवस्थापन एवम् सम्भार र दायित्व भुक्तानी,<br>• ऐन/नियम पुनरावलोकन तथा कोष मापदण्ड तयारी,<br>• कसूरजन्य सम्पत्ति तथा साधनहरूको व्यवस्थापनसँग सम्बन्धित अदालत एवम् अर्धन्यायिक निकायहरूबीच छलफल तथा समन्वय बैठक सञ्चालन तथा व्यवस्थापन,<br>• सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा ग्रे लिस्टबाट बाहिरिने कार्ययोजना बमोजिम विभागसँग सम्बन्धित क्रियाकलापहरू कार्यान्वयन गरिने। |
| ३१४९१०११ | समरजंग कम्पनी कार्यालय | १५१ | १४ | १६५ | • कर्मचारीहरूको तलब, भत्ता लगायत प्रशासनिक कार्यको लागि बजेट व्यवस्था गरिएको।<br>• अतिविशिष्ट पदाधिकारीहरूको भ्रमणमा तोकिएको कार्य गर्न आवश्यक बजेट व्यवस्थापन गरिएको। |
| ३१४९२०११ | जिल्ला प्रशासन कार्यालयहरू | १८२९५ | ३९७४ | २२२६९ | • कर्मचारीहरूको तलब, भत्ता लगायत प्रशासनिक कार्यको लागि बजेट व्यवस्था गरिएको।<br>• जिल्ला/ इलाका/ सीमा प्रशासन कार्यालयहरूको भौतिक एवम् प्राविधिक क्षमता सुदृढ गरी शान्ति, सुरक्षा, सुव्यवस्था, विपद् व्यवस्थापन, सुशासन,<br>• अपराध नियन्त्रण, कुरीति र विभेद विरुद्धको कार्यक्रम र सेवा प्रवाहलाई थप प्रभावकारी र नागरिकमैत्री बनाउन बजेट व्यवस्थापन गरिएको।<br>• ९ वटा जिल्ला प्रशासन कार्यालय भवन निर्माणको लागि जम्मा रू.२८ करोड २२ लाख ४० हजार तथा<br>• १० वटा ईलाका प्रशासन कार्यालय भवन निर्माणको लागि जम्मा रू.३१ करोड २९ लाख ९५ हजार व्यवस्थापन भएको। |
| ३१४९२०१२ | सीमा प्रशासन कार्यालयहरू | २३९ | १६ | २५५ | |
| ३१४९२०१३ | इलाका प्रशासन कार्यालयहरू | ५३५३ | ३६५८ | ९०११ | |

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | रकम (रु.लाखमा) | | | मुख्य मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|
| | | चालु | पूँजीगत | जम्मा | |
| ३१४९३०११ | जुद्ध वारुण यन्त्र कार्यालय | १८६ | ९४ | २८० | • कर्मचारीहरूको तलब, भत्ता लगायत प्रशासनिक कार्यको लागि बजेट व्यवस्था गरिएको।<br>• आगलागी भएको स्थानमा यथासक्य चाँडो पुगि अग्नि नियन्त्रण गरी क्षति न्यूनीकरण गर्ने, उपत्यका भित्र तथा बाहिर अग्नि नियन्त्रण प्रतिकार्य सम्बन्धी तालिम प्रदान गर्ने लगायतका क्रियाकलापहरू संचालन गर्ने। |
| जम्मा | | ८९८३९६ | १८११३२ | १०७९५२८ | |

## ५. बजेट सारांश

**रकम रू. हजारमा**

| क्र.सं. | ब.शी.नं. | निकाय | कुल विनियोजन | चालु | पूँजीगत | वित्तीय व्यवस्था | नेपाल सरकार | वैदेशिक ऋण | वैदेशिक अनुदान |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ३१४ | गृह मन्त्रालय | १०७९५२८०० | ८९८३९६०० | १८११३२०० | ० | १०६४२४४०० | ० | १५२८४०० |

## ६. वैदेशिक ऋण तथा अनुदानको विनियोजन

| क्र.सं. | निकाय | स्रोत | कार्यक्रम | रकम रू. हजारमा |
|---|---|---|---|---|
| १. | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | भारत सरकार (नगद अनुदान) | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान भवन निर्माण | १५२८४०० |

## ७. प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने कार्यक्रमः

घटना दर्तासम्बन्धी कार्य सम्पादनको लागि सबै स्थानीय तहमा लागत साझेदारी अन्तरगत संघीय सरकारले व्यहोर्ने MIS Operator तथा फिल्ड सहायकको सात महिनाको पारिश्रमिक बापतको जम्मा रू. ३७ करोड ६५ लाख।

## ८. अपेक्षित उपलब्धिः

पृष्ठभूमि खण्डमा उल्लिखित कार्यसम्पादन भएको हुने।